ॐ

महेश संन्यास आश्रमद्वारा संचालित

# महेश-संस्कृत-गुरुकुलम्

# गुरुकुल प्रवर्धन समाज

पशुपति, काठमाडौँ, नेपाल



संस्थापकः श्री १००८ डा० स्वामी रामानन्द गिरिजी महाराज



पीठाधीशज्यूका साथमा आश्रमका सन्तहरू


**सम्पर्क:**

फोन : +९७७-०१-५२४१४४४

ई-मेल : msgurukulam.gps@gmail.com

वेब : www.gurukulam.edu.np

फेसबुक: facebook.com/msgurukul.gps


## महेश संस्कृत गुरुकुलको संक्षिप्त परिचय



वैदिक सनातन धर्म र संस्कृतिको संरक्षण, संवर्धन एवम् संस्कृतविद्याको प्रचार–प्रसारद्वारा सुसंस्कृत समाज निर्माण गर्ने पवित्र उद्देश्यले ब्रह्मलीन परमपूज्य गुरुवर **श्री १००८ डा. स्वामी रामानन्द गिरि**जी महाराजको सत्सङ्कल्पबाट पवित्र तीर्थस्थल देवघाटधाममा वि.सं. २०५० मा महेश संन्यास आश्रम एवम् महेश संस्कृत गुरुकुलको स्थापना भएको हो ।वर्तमानमा आश्रमले आफ्नो उद्देश्यअनुरूप गुरुकुलको सञ्चालन, सन्तसेवा, गोसेवा, अतिथिसेवा, पुस्तकप्रकाशनजस्ता कार्यक्रमहरूद्वारा समाजमा धार्मिक एवम् आध्यात्मिक पुनर्जागरण गरिरहेको छ । निकट भविष्यमा अनुसन्धानकेन्द्र सञ्चालन गरी संस्कृतवाङ्मयको सर्वाङ्गीण अध्ययन/अध्यापन गर्ने र नेपालमा सञ्चालित गुरुकुल एवम् गरुकुलीय शिक्षाप्रणालीलाई उचाइमा पुऱ्याउने उद्देश्यतर्फ यो गुरुकुलले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ ।

## गुरुकुलका विशेषताहरू

- कक्षा ६ देखि आचार्य तहसम्मको निःशुल्क आवासीय सुविधासहित औपचारिक शिक्षा प्रदान।
- वेद, व्याकरण, दर्शन र अद्वैतवेदान्त लगायत शास्त्रीय विषयहरूको प्रामाणिक अध्यापन।





- राष्ट्रियता, स्वधर्म–संस्कृति तथा मानवीय मूल्यको विशेष प्रशिक्षण।
- आचार्यहरूको सान्निध्यमा स्नान, सन्ध्या, पूजा–प्रार्थना आदि दिनचर्या।
- प्राचीन गुरुकुलीय मर्यादाअनुरूप सुन्दर, स्वच्छ, शान्त एवं पारिवारिक वातावरण।
- २०,००० भन्दा बढी पुस्तक भएको बृहत् पुस्तकालय।
- योगाभ्यास, खेलकुद, व्यायाम आदिको व्यवस्था।
- वक्तृता, कवितालेखनजस्ता सृजनात्मक कलाको प्रशिक्षण।
- ज्योतिष, वास्तुशास्त्र, कर्मकाण्ड र कम्प्युटरजस्ता प्राविधिक विषयको शिक्षण।
- विद्यालय तथा विश्वविद्यालयस्तरीय परीक्षाहरूमा उत्कृष्ट परीक्षापरिणाम।



## गुरुकुल प्रवर्धन समाजको गठन र उद्देश्य

ब्रह्मलीन पूज्य गुरुदेव द्वारा संस्थापित महेश संस्कृत गुरुकुलको सुव्यवस्थित सञ्चालनार्थ आवश्यक पर्ने आर्थिक एवं प्राज्ञिक सहयोग जुटाउन महेश संन्यास आश्रमको निर्णय अनुसार गुरुकुल प्रवर्धन समाज (२०७४) को गठन भएको हो। यस समाजले महेश संस्कृत गुरुकुलको योजनाबद्ध विकास एवम् स्तरोन्नतिका लागि आवश्यक सहयोग जुटाउन

गुरुकुलमा अध्ययन गर्ने छात्रहरूको शैक्षिकव्यवस्थाका लागि अभिभावक विस्तार अभियानलाई प्राथमिकतामा राखेको छ।



## प्रवर्धन समाजको आवश्यकता

महेश संस्कृत गुरुकुल प्राचीन गुरुकुलीय शिक्षाप्रणालीलाई आधुनिक समाजको आवश्यकता अनुरूप सञ्चालन गर्दै आएको सेवामूलक शैक्षिक संस्था हो। सामाजिक सम्पत्तिका रूपमा रहेको यस गुरुकुललाई निरन्तर अगाडि बढाउन वैदिक धर्म, संस्कृति र संस्कृतशिक्षाप्रेमी हामी सबै **'सह नाववतु, सह नौ भुनक्तु'** को वैदिक आदर्शलाई आत्मसात् गरी एकजुट हुनुपर्ने आवश्यकता छ। यसै आवश्यकताको परिपूर्तिका लागि गुरुकुल प्रवर्धन समाज क्रियाशील रहेको छ।

## गुरुकुललाई सहयोग किन ?

शास्त्रहरूमा मानवमात्रले वर्णाश्रमधर्म, पञ्चमहायज्ञ र विभिन्न अनुष्ठानहरू पालना गर्नुपर्ने विधान छ। आजको व्यस्ततम समयमा ती वैदिक आदर्शहरूलाई आर्ष मर्यादामा सञ्चालित गुरुकुलले मात्र संरक्षण गर्न सक्ने देखिन्छ। त्यसैले यस्ता गुरुकुलहरूको संरक्षण, संवर्धन गर्नु सबै स्वधर्मप्रेमीहरूको अनिवार्य कर्तव्य हो। धर्म-संस्कृतिको संरक्षणरूपी यस महायज्ञमा सहभागी हुन धर्मप्राण तथा संस्कृतविद्याप्रेमी सबै सज्जन महानुभावहरूमा गुरुकुल प्रवर्धन समाज विनम्र अनुरोध गर्दछ।

## सहयोगका माध्यम

महेश संन्यास आश्रम (देवघाट), शङ्कराचार्य मठ (पशुपति काठमाडौं) र गुरुकुल प्रवर्धन समाजका जिल्ला शाखा तथा समाजका सदस्यसँग जानकारी लिई अथवा www. gurukulam.edu.np मा प्राप्त जानकारीअनुसार प्रतिवद्धता फारम भरी तपसिल बमोजिमको कार्यक्रमहरूमा सहयोग गर्न सकिनेछ।



## सहयोगका प्रकार

### अभिभावक कार्यक्रम

प्रतिवर्ष रू. १२००० ।– को दरले

| अवधि | रकम |
|---|---|
| ७ वर्षे | रू ८४,०००।– |
| १२ वर्षे | रू १,४४,०००।- |
| आजीवन | रू १,५०,०००।– |

### अल्पाहार कार्यक्रम

प्रतिवर्ष रू. ५००० ।– को दरले

| अवधि | रकम |
|---|---|
| ७ वर्षे | रू ३५,०००।– |
| १२ वर्षे | रू ६०,०००।– |
| आजीवन | रू ६५,०००।– |

### विदेशका लागि अभिभावक सदस्यता

| अवधि | रकम |
|---|---|
| ७ वर्षे | ९०० $ |
| १२ वर्षे | १४०० $ |
| आजीवन | १५०० $ |



आजीवन अभिभावक र अल्पाहार कार्यक्रमका सदस्यहरूले १ वर्ष भित्रमा ३ किस्तामा सहयोगराशि उपलब्ध गराउन सक्नुहुनेछ।

महेश संन्यास आश्रमको नाममा कृषि विकास बैङ्क, रत्नपार्क काठमाडौँ शाखामा रहेको खाता नं. ०२०९५००१५८१२३०१० (Swift Code- ADBLNPKA) मा अथवा महेश संन्यास आश्रम वा गुरुकुल प्रवर्धन समाजका सम्पर्क व्यक्तिमार्फत् नगद जम्मा गरी रसिद लिन सकिनेछ ।





## विशेष

दाताहरूले विशेष तिथि, पर्व तथा उत्सवका अवसरमा सहयोग गर्न सक्नुहुनेछ । उदारमना दाताहरूको समृद्धिको कामना गर्दै वेदाध्यायी वटुकहरूद्वारा मंगल प्रार्थना गरिनेछ। सबै दाताहरूलाई श्रीपञ्चमीको अवसरमा महेश संन्यास आश्रम देवघाटधाममा आमन्त्रित गरी सहयोग राशि सामूहिक रूपमा महेश संस्कृत गुरुकुललाई हस्तान्तरण गरिनेछ।



## अधिक जानकारीका लागि

| | |
|---|---|
| महेश संन्यास आश्रम, देवघाट, तनहूँ | ०५६-५०००२०, ५०००४७ |
| शङ्कराचार्यमठ, पशुपति, काठमाडौं | ०१-५२४१४४४ |
| आचार्य कपिलदेव सुवेदी, काठमाडौँ | ९८५११८७८८० |
| भरत ढकाल , चितवन | ९८४५०४७३२६ |
| सञ्जय अधिकारी, काठमाडौँ | ९८४१२४०२९८ |
| नरोत्तम ढकाल, काठमाडौँ | ९८५१०६८५०५ |
| शालिग्राम ढकाल, काठमाडौँ | ९८५१०५८९३९ |
| चिरञ्जीवी ढकाल, बेलायत(UK) | +४४-७९६११३३०१८ |
| अनन्त रिसाल, अमेरिका(US) | +१-९०८२१७६७५२ |

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।

सर्वे भद्राणि पश्यन्तु मा कश्चित् दुःखभाग् भवेत् ॥

॥ ॐ शान्तिः ॥